# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:

मिति: २०७५।१२।१०

श्री प्रमुखज्यू,
सबैला नगरपालिका,
धनुषा ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सबैला नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानुनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.७ करोड ५५ लाख ३२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड २६ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.७३ लाख ७२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२१ लाख ११ हजार र पेश्की रु.५ करोड ३३ लाख ६३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।११ मा जारी गरिएको प्रारम्भिक प्रतिबेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# सबैला नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं २ मा अवस्थित यो नगरपालिका अन्तर्गत १३ वडा रहेको नगर सभा सदस्य ६९, क्षेत्रफल २७६२ बर्ग कि मी र ४५८७९ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आय तर्फ | | | सि. नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २५०६१२१२.१६ | १ | चालु खर्च | | १४१३८१८ |
| | क) नगद | | | | पूँजीगत खर्च | | |
| | ख) बैंक | २५०६१२१२.१६ | | २ | वित्तीय व्यवस्था भुक्तानी | | २४२९६३६१६ |
| २ | राजश्व (आन्तरिक आय) | | २८४७४७५ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजश्व | २८४७४७५ | | | पशु सेवा कार्यक्रक न.पा | | |
| | ख) राजश्व बाँडफाँड | | | | स्वस्थ्य कार्यक्रम न.पा | | |
| | अन्य आय | | | | कृषि कार्यक्रम न.पा | | |
| ३ | वित्तीय हस्तान्तरण | | ४१३९६०००० | | आर्युबेद न.पा | | |
| | क) वित्तीय समानीकरण अनुदान | २३७३६७००० | | ३ | वित्तीय समानीकरण | ४९८८६४४३ | |
| | ख) सशर्त अनुदान | १०२७३४००० | | ४ | सशर्त अनुदान खर्च | ९४१९४९६० | |
| | ग) सामाजिक सुरक्ष | ७२२९८००० | | ५ | सामाजिक सुरक्ष | ७२४४००००. | |
| | घ) विशेष अनुदान स्थानिय शासन तथा सामुदायिक बिकास | १५६१००० | | ६ | स्थानिय शासन तथा सामुदायिक बिकास | १५६१००० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | आन्तरीक स्रोत | ३९७१९१६ | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | गा.बि.स अनुदान अल्या | १२८५४६९७ | |
| | ख) सशर्त अनुदान | | | | गत वर्षको सामाजिक सुरक्षा भत्ता खर्च | ८०५४६००. | |
| | ग) समपूरक अनुदान | | | | | | |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ८ | ख) सशर्त अनुदान- | | १३०२६६८३ |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | संघिय संरचना तथा स्थानिय विकास | २१२५२५६ | |
| | क) ऋण प्राप्ति | | | | मर्मत संभार कोष | ७९१६५८० | |
| | ख) साँवा प्राप्ति | | | | समपुरक कोष | २९८४८४७ | |
| | ग) ब्याज प्राप्ति | | | ९ | अन्य विविध आय - बिमा) | | ६५०००० |
| | घ) अन्य प्राप्ति | | | १० | बिपद व्यवस्थापन | | ५८१२५० |
| ७ | विभिन्न कोष तर्फको आय सडक बोर्ड | | ३४२२६५३ | | सडक बोर्ड | | ४७३७१३६ |
| ८ | जनसहभागिता (नगद) | | | | धरौटी फिर्ता | | ९४२५०० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | ५२५००० | | मौज्दात | | १८३९०८५८०.१६ |
| १० | धरौटी आय | | ८०४५०० | | क) नगद मौज्दात | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | ख) बैंक मौज्दात | १८३९०८५८०.१६ | |
| १२ | अन्य विविध आय - बिमा) | | ६५०००० | | बेरुजु खातामा दाखिला | | ० |
| | जम्मा | | ४४७२७०८४०.१६ | | | | ४४८२२३५८३.१६ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाको प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । यो वर्षनगरपालिकाको सभाले २०७४।११।२५ मा बजेट स्वीकृत गरेको छ ।नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७४/०१२/१३ गते रु.४३ करोड २१ लाख २ हजारको वार्षिक वजेट, योजना तथा कार्यक्रमको अख्तियारीप्रदान गरेको देखिन्छ भने प्रमुख प्रशाककीय अधिकृतले वडालाई प्रमुखले अख्तियारी दिएको छैन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| २. | **वजेट पेश तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष आषाढ १७ गते वजेट स्वीकृत गरेको छ । स्थानीय तहको दोस्रो चरण अन्तर्गत् अर्थातआषाढमा निर्वाचन भएकोले कानूनले तोकेको अवधिभित्र नगरपालिकाले राजस्व र व्ययको अनुमान पारित गर्न नसकेको कार्यालयको भनाई रहेको छ । | |
| ३. | **आय व्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, वहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखांकन पालनास्थिति कमजोर रहेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्वन गर्दै आय तथा व्ययको शीर्षकगत पालनामा विशेष ध्यान दिनु पर्दछ । | |
| ४. | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन । | |
| ५. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न,स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ६. | **वजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ७ सदस्यीय राजशव परामर्श समिति (स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति) गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, वजेटको कूल सीमा, वजेटको क्षेत्रगत सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत वजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र वजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नुपर्ने साथै त्यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलव्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको देखिएन । नियम तथा कार्यविधिको पालनामा सम्वन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । | |

नगरपालिकाले सो अनुसार कार्य गरेको छैन । आगामी वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गरेतापनि आगामी अर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रमवीच परिपूरकता कायम गरेको समेत नदेखिएकोले सो सम्बन्धमा उचित ध्यान दिनु जरुरी छ ।

| सि.न | कार्यक्रम | लगानी क्षेत्र | संख्या | बजेट रुहजारमा | सहभागिता रु हजारमा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरस्तरीय योजना | पुर्वाधार, सामाजिक सबै वाडामा | ६० | ८९१९४ | लागत को १५% | ८९१९४ |
| २ | १३ वडामा वडास्तरीय मुख्य कार्यक्रम | पुर्वाधार, सामाजिक, वाताबरण, सास्कृतिक,पर्यटन | २४० | ९८९४९ | लागत को १५% | ९८९४९ |
| | **जम्मा** | | **३००** | **१८८१४३** | | **१८८१४३** |

**७.१** **यस** आ.ब. मा तराइमा आएको बाढीका कारण क्षति पुगेका सडक पुल पुलेसा स्थानिय चुनाबलाई समेत ध्यानमा राखी मर्मत गर्नुपर्ने पछी नगर सभा बाट यस्ता खर्च अनुमोदन गराउने गरी बिभिन्न वाडामा १ लाख देखि ३१ लाख सम्मका३८ योजनाहरु मिति २०७४।२।११ मा प्रमुख कार्यकारी तथा अन्य कर्मचारीको बैठकबाट प्रस्ताब गरी पछी नगर कार्यपालीकाको बैठकबाट अनुमोदन गराउने शर्तमा रु २ करोड ८५ लाख बराबरका योजनामा प्रस्ताब गरीअमानत तथा हाते कोटेशनबाट रु २ करोड ८५ लाख ३८ योजनाहरु श्रावण २०७४ देखि असोज सम्म कार्यान्वियन गरी खर्च लेखेको छ ।नगरसभाबाट स्विकृत भएका योजनाहरु नगर कार्यापालीकाले कार्यान्वियन गराई खर्च लेख्नु पर्नेमा पहिला खर्च गरी भुम्तानी भएपछी नगर सभामा अगाडीका योजनामा बजेट बिनियोजन गरेको देखिएन । अतः नगर सभा हुनु अगाडी योजनामा बजेट स्वइच्छिकरुपले अमानतबाट निर्माण कार्य गराई खर्च गर्ने र पछी सभामा अनुमोदन समेत नगराउने प्रबृति गलत हो । यस्ता गतिबिधि अबिलम्ब रोकिनु पर्दछ ।

**७.२** नगर सभाबाट स्विकृत भएका २०८ मुख्य योजनाको कार्यान्वियनान रु १८ करोड ८१ लाख ४३ हजार मा थप , लाभग्राहिको लागत सहभागिता न्युनतम १५ प्रतिशत रहने निर्णयमा उल्लेख छ । योजना वडाफाड गर्दा ठुला योजनालाइ प्राथमीकरण गर्नुपर्नेमा वितरणमुखी योजना छनोट गरी वजेट विनियोजन गरेको छ । योजनाको कार्यक्रमगत खाता कार्यालयले राखेको देखिएन । बर्षन्तमा कार्यपालीकाले पटके निर्णय गरी५० हजार देखि ५ लाख सम्म बजेट बिनियोजन भएका बिभिन्न नगर तथा वडा स्तरीय ९ भन्दा बढी योजनाको रु १ करोड २७ लाख ५ हजार बराबरकका योजनाहरु बर्षान्तमा आएर परिर्वतन थप शंसोधन गरी समय अभाबको कारण देखाई सार्वजनिक खरिद ऐन तथा नियमावली को नियम ९८ को प्रावधान बिपरित सिधै अमानतबाट गराउने निर्णय भई कार्यानवयन भएका छन । यसरी नगर सभाले योजना छनोटका प्रकियागतरुपबाट आबश्यकता पहिचान भई स्विकृत भएका कार्यक्रमहरु बर्षान्तमा पटके निर्णय गरी सार्ने बजेट थप, घट गर्ने जस्ता प्रकृया गलत हुन जाने देखिएकाले यसरी योजना कार्यानवयन गर्ने प्रकृया अबिलम्ब सच्याउनु पर्दछ । आगामी योजना स्विकृत गर्दा मागमा आधारीत योजना आबश्यकताको प्राथमिकिकरण गरी छनोट हुनु पर्ने र कार्यानवयनमा लैजानुपर्ने देखिन्छ ।

**८.** **आन्तरिक ऋण :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । नगरपालीकाले बजेट प्रस्ताब गर्दा न्यन को प्रस्ताब पेश गरेको तथा आन्तरीक ऋण उठाएको छैन ।

**९.** **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।कार्यालयले परामर्शदाताबाट नगर क्षेत्रको स्थिति बिवरण तगार गरेको देखियो । आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन व्यवस्थित ढंगबाट सम्पूर्ण विवरण खुल्ने गरी त्यस्तो स्रोतको नक्सांकन वा प्रोफाइल तयार गरेको देखिएन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा नगरपालिकाले अभिलेख व्यवस्थापन अद्यावधिक गर्नु पर्दछ ।

**१०.** **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले गत विगत वर्ष देखिको वक्यौता असुली विवरण नराखेकोले सो स्थिति यकिन गर्न सकिएन । बक्यौता हिसाव राखि अद्यावधिक गर्नुपर्दछ ।

**११.** **स्थानीय कानून निर्माण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन वनाउन सक्ने उल्लेख छ ।नगरपालिकाले यो वर्ष सालवसाली ऐन २ वटा, आन्तरिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने ऐन १ समेत जम्मा २ वटा ऐन, कानुन २ कार्यविधि २ तथा आचरणगत दस्तावेज १ , नियमावली ३, निर्देशिका १निर्माण गरी कार्यान्वयनका लागी कार्यपालीकालाई अधिकार दिई कार्यान्वयनमा ल्याएको देखिन्छ । ऐन कार्यान्वयनमा सघाउपुन्याउन नियम तथा निर्देशिका, कार्यविधि र आचारसंहिताको निर्माण हुने तर लागु नहुने अबस्था छ घातक छ । नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय आवश्यकता र कार्यान्वयन क्षमताका आधारमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका वनाई तिनीहरुको प्रभावकारी कार्यान्वयनमा तर्फ जोड दिनु

| | | |
|---|---|---|
| | पर्दछ । | |
| १२. | **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु.४४७२७०८४०।१६ र खर्च रु.२६४३१५००३। बैंक मौज्दात रु १८३९०८५८०।१६ रहेको छ । आम्दानी, खर्च, बैंक मौज्दात,रु ९५२७४३। फरक परेको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान गर्नुपर्दछ । | ९५२७४३ |
| १३. | **खरिद योजना तथा इकाई** :सार्वजनिक खरिद ऐन, २०८३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना स्वीकृत नगरी पटक पटक बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नघाई खरीद गरेको , खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको देखिएन । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १४. | **प्राविधिक विल** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधीकले इन्जिनियरिङ्ग नर्मस अनुसारको उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ । | |
| १५. | **विलको भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा विल वा विजकको भुक्तानीमा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमवाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न आपूर्तिकर्तालाई रकम भुक्तानी गर्दा वडा सदश्य तथा कर्मचारीले पेश्कि लिई नगद भुक्तानी गरेको देखिन्छ । नियमको पलानामा कार्यालयको ध्यान जानु पर्दछ । | |
| १६. | **सञ्चित कोषको चौमासिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ । | |
| १७. | **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । कार्यालयले विषय क्षेत्रगत आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा वातावरण, महिला तथा वालवालिका, पूर्वाधार विकास आदिको कार्यान्वय स्थिति देखिने वार्षिक प्रगति प्रतिवेदन तयार गरी त्यसको वार्षिक प्रगति स्थितिको समिक्षा हुनुपर्दछ । बिनियोजन बजेट खर्च गर्ने तर सो को बार्षिक प्रतिबेदन तयार नगर्ने नगरपालीकाको अबस्थामा सुधार हुनु पर्दछ । | |
| १८. | **न्यायिक समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । नियमानुसार आफनो कार्यक्षेत्र भित्रका विवाद दर्ता, फछ्र्यौट निरुपणका लागि अन्य निकायमा लेखी पठाएको देखिन्छ । नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख नभएका कारण नगरपालिकाको न्यायिक समितिप्रति सर्वसाधारणमा विश्वास वा जानकारी नभएकोदेखियो । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्वन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने देखिन्छ । तसर्थ न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र | |

छरितो न्याय प्रदानगर्न नगरपालिकाले विशेष ध्यान दिनु पर्दछ ।

१९. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँधन छुट भएका कुनै मालसामान  भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले  मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ ।  प्रतिबेदनमा कैफियत उल्लेख भएका व्यहोराहरु माथि सुधारका प्रयास हुनु पर्दछ ।

२०. **आन्तरिक आम्दानी :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उपदफा २ बमोजिम म्यादभित्र दाखिला गर्न नसके म्याद थपको अनुरोध गरेमा मनासिव भए म्याद थप हुनसक्ने र उपदफा ४ बमोजिम सो अनुरुप नगर्ने उपर जरिवाना एवं विभागीय कारबाही समेत गर्ने उल्लेख छ । कार्यालयले नगदी रसिद काटी दैनिक रुपमा प्राप्त गर्ने आन्तरिक आम्दानी ढिलोमा पनि ७ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष वडा कार्यालयका लागि प्रशासनिक कामको लागि आबश्यक बजेट बिनियोजन भई पेश्कि दिई पठाई खर्च भएको छ ।  तर वडाबाट नगदी रसिद काटी गरेको आम्दानी दैनिक रुपमा दाखिला नगरी र ठेली सकिएपछिमात्र दाखिला गरेको देखियो । कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानीको रकम दैनिकरुपमा दाखिला गर्नुपदर्छ ।

२१. **सेवा प्रवाह स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले सिफारिस तथा पंन्जिकरण, प्रमाणित जस्ता जनताका नियमित कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा नगरपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ ।

२२. **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण निम्नानुसार चौमासिक खर्च गरेको देखिन्छ ।

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च रु | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वितिय समानिकरण अनुदान | २६४३१५००३ | १०७४७८६१६ | ३३०६९१०४ | १२३७६७२८३ | १०७५५५१८७ |
| | जम्मा | | | | | |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ४०.६६ प्रतिशत), दोश्रो चौमासिकमा १२.५२ प्रतिशत र तेश्रो चौमासिकमा  ४६.८२ प्रतिशत  बजेट खर्च  देखिएको छ । यसरीनै आषाढ मसान्तमा ४०.६९. प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।  आषाढ महिनामा गरिने निर्माण कार्यको मौसमको प्रतिकुलताले गर्दा कामको गुणस्तरमा कमी हुने र ढिलो कार्य भई सेवाप्रवाहमा समेत ढिलाई हुने भएकाले चौमासिकगत खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२३. **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपात :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष नगरपालिकाको कूल आन्तरिक आय रु.**२८४७४७५।** देखिन्छ भने प्रशासनिक खर्च रु.३९७१९१६।रहेको छ । यसरी आन्तरिक आय र प्रशाासनिक खर्चवीचको अनुपात १३९.४९ रहेको छ ।  अर्थात नगरको आय भन्दा ३९.४९ प्रतिशत बढी खर्च गरेको अबस्था छ । यसले थपको दीगोपनामा जटिलता ल्याउने निश्चित छ । नगरपालिकामा संविधान तथा कानून बमोजिम हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ ।

२४. **तलबी प्रतिवेदन :-** निजामती सेवा ऐन,२०४९ को दफा ७ वमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गरी तलव खर्च लेखनुपर्नेमा नगरपालीकाले तलवी प्रतिवेदन पारीत गरेको छैन । तलबी प्रतिवेदन पारित नभएको अवस्थामा लेखिएको खर्च सही र यथार्थ भए नभएको एकीन गर्न सकिएन । नगरपालीकाले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नु पर्दछ ।

२५. **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को

| | | |
|---|---|---|
| | सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सवैला नगरपालीकाको सशर्त अनुदान तर्फ रु.८५३९०४०। खर्च नभई बाँकीरहेको छ । उक्त रकम संघीय संचीत कोषमा दाखिला गर्नुपर्ने रु | ८५३९०४०। |
| २६. | **आन्तरीक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था छ । नगरपालीकाको आन्तरिक लेखापरीक्षण भएको छैन । ऐनले तोके अनुसार स्रेस्ता अद्यावधिक गराएर आन्तरीक लेखापरिक्षण गराउनु पर्दछ । | |
| २७. | **सोझै खरिद :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि पटक पटक रु १६६४१४७खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना नगरी खरिद गरेको नियमसम्मत नदेखिएको रु | १६६४१४७। |
| २८. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालीका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कोष स्थापना गरी गत साल रु १ लाख कोषमा जम्मा गरेको छ । | |
| २९. | **विविध खर्च :** नगरपालीकाले नगरसभा वैठक,कार्यपालीका वैठक,वडा समितिको वैठक तथा अन्य कार्यक्रमको लागि विविध खर्च शिर्षकबाट खाना खाजा खर्च लेखेको छ । वैठक भत्ता वसेको दिन खाजा तथा खाना खर्च लेखने सम्वन्धमा खर्चको मापदण्ड तयार गरी विविध खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ३०. | **पदाधिकारी सुविधा :-** प्रदेश नम्बर २ को स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा बनेको ऐन २०७५ को दफा ३ र दफा १२ मा अनुसूची १ बमोजिम पद तथा गोपनियताको सपथ लिई पदभार ग्रहण गरेको मिति देखि अनुसूचिमा तोकिए भन्दा कम हुनेगरी सम्बन्धीत सभाले निर्णय गर्न सक्ने व्यवस्था छ । नगरपालिकाको आन्तरिक श्रोत रु । भएकोमा जना पदाधिकारीहरुको २०७४ साल असोज ६ गते देखिको पारीश्रमीक सुविधा २०७५ साल आसोज माहिनामा खर्च लेखेको छ । नगरपालिकाको आन्तरीक श्रोत भन्दा बढी हुने गरी खर्च लेखेको छ । ऐन अनुसार नगरपालिकाको आन्तरीक श्रोतलाई समेत विचार गरी पदाधिकारीहरुलाई सुविधा दिनु पर्नेमा आन्तरीक श्रोतले नखाम्ने गरी पदाधिकारीहरुलाई सुविधा दिने कार्य ऐन अनुकुल देखिदैन । अत: आन्तरीक श्रोत समेतलाई मध्यनजर गरी पदाधिकारीहरुलाई सेवा सुविधा दिनु पर्दछ । | |
| ३१. | **वैठक भत्ता** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मिति २०७५।३।३२ मा राजपत्रमा प्रकाशित भएको छ । उक्त ऐनमा नगरसभा तथा समितिको वैठक,वडा समीतीको बैठक बसेकोमा पदाधिकारी तथा सदस्यहरुलाई बैठक भत्ता सुविधा लीन पाउने व्यवस्था छैन । नगरपालीकाले नगरसभा, विभिन्न समितिको वैठक,वडा समितिको विभिन्न मितिमा बैठक बसेको दिनको् प्रति दिन रु १५००। का दरले भत्ता रु २९५७९९०। खर्च लेखेको छ । नगरपालीकाले उपर्यक्तानुसारको कानुनमा व्यवस्था नभएको वैठक भत्ता नगरसभा,कार्यपालीका तथा वडा समीतिको बैठक भत्ता खर्च लेखेको छ । बैठक भत्ता रकम लिन पाउने आधार तथा प्रमाण बेगर लेखेको खर्च असुल गर्नुपर्ने रु. | २९५७९९० |
| ३२. | **अग्रीम कर** आयकर ऐन २०५८ को दफा ८८ अनुसार पदाधिकारीको वैठक भत्ताम १५ प्रशित कर रु ३४८६०। कटटी गरेकोमा वैक दाखिला नगरेकोले उक्त रकम असुल हुनुपर्ने रु | ३४८६०। |
| ३३. | **आन्तरिक चालु तर्फ :** प्रमुख प्रशासकीय अधिकृत विनोद भट्टराईले भान्से तथा आवास खर्च भनि रु ७५०००। भुक्तानी दिएको छ । प्रशासकीय अधिकृतलाई भान्से राखी तलव खर्च लेख मिल्ने आधार तथा प्रमाण पेश गर्नुपर्ने रु | ७५००० |
| ३४. | **स्थानिय भत्ता :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ मा स्थानिय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानिय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकारले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोको सम्म नेपाल सरकारले तोको वमोजिम हुने व्यवस्था छ । यस नगरपालीकाले नगरपालीकामा कार्यरत स्थायी कर्मचारीलाइ मासिक खाइपाइ आएको तलवमा थप १५ प्रतिशतका दरले भत्ता भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघिय कानुनको सिद्धान्त र | |

| | | |
|---|---|---|
| | मापदण्ड अनुकुल नदेखिएकोले मिति २०७४ साल श्रावन महिना देखि २०७५ साल असर महिना सम्मको लेखेको खर्च रु ४५०२९१। नियम सम्मत नदेखिएको रु | ४५०२९१ |
| ३५. | **मर्मत सम्भार कोष** : धनुषा जिल्लाका अधिकांस भु भाग जलमग्न भएको बाटोघाटोमा क्षति पुगी आवतजावत नै अवरुद्ध हुने भएको साथै निकट भविष्यमा नै स्थानीय निर्वाचन हुन गैरहेकाले आफनो क्षेत्र भित्रको मतदान स्थलसम्म पुग्ने मुख्य वाटोमा यातयात अवरुद्ध हुन नपाउने व्यवस्थाको लागि तत्काल मर्मत संभार कोष वनाइ वाटो मर्मत गर्ने जिल्ला प्रशासन कार्यालय धनुषाको च.न.८२१ , २०७४।५।१ को पत्रबाट स्थानिय निकायलाइ परीपत्र गरेको भनी नगरपालीकाले मर्मत सम्भार कोषबाट ५ लाख भन्दा कमको टुक्रे योजना वनाई १७ वटा निर्माण व्यवसायीबाट हाते कोटेशन माग गरी विभिन्न स्थानमा वाटो मर्मत तथा हयुमपाइप जडान गरी रु ७९१६५८०। खर्च लेखेको छ । निर्माण कार्य गर्दा खरिद ऐन तथा नियमावलीको प्रक्रिया अवलम्वन गरी निर्माण कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३६. | **वित्तय समानीकरण ( पुजिगत तर्फ)** :<br>वालि विकास अधिकृत मिथिलेस साहले कृषि कार्यक्रम संचालन गरी रु ६४००००। पेश्की फछ्र्यौट समेत रु ७७५०००। भुक्तानी लिएकोमा धान उत्पादन प्रदर्शनमा रु ३००००। र धान नतिजा प्रदर्शनमा रु ३००००। खर्च लेखेकोमा विल भरपाइ पेश नगरेकोर र वासमती धान विउ वितरणको लागि रु १०००००। भुकतानी लिएकोमा स्वीकृत कार्यक्रम अनुसार कार्यालयले ६० प्रतिसत र कृषकले ४० प्रतिशत व्यहोर्ने कार्यक्रम रहेकोले वासमती धानको रु ६००००। को मात्र विल पेश गरेकोले विल रकमको ६० प्रतिशत रु ३६०००। मात्र खर्च लेखनु पर्नेमा रु १००००००। खर्च लेखेकोले वढि भुक्तानी लिएको रु १२४०००। असुल गर्नुपर्ने रु | १२४०००। |
| ३७. | **शिक्षा तर्फ** :<br>नगरपालीका अर्न्तगतका विद्यालयहरुलाई प्रथम चौमासीक निकासा दिइएकोमा सम्वन्धीत गोश्वारा भौचरहरुसाथ विद्यालयहरुको माग फाराम पेश नभएको तर विद्यालयहरुले तेस्रो चौमासीक निकासा माग गर्दा पेश गरेको विवरणहरुलाई आधार मान्दा प्रथम चौमासीक निकासा चाडपर्व खर्च समेत विद्यालयहरुलाइ वढी निकासा गएको सम्वन्धमा आधिकारीक प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ११३३२८०।५ |

| गो.भौ | महिना चाडपर्व समेत | विद्यालयको नाम | निकासा रकम | निकासा हुनुपर्ने | वढी निकास |
|---|---|---|---|---|---|
| विभिन्न | प्रथम चौमासीक | श्री रामजानकी मा.वी. | २५२४२४१। | २१९३२८८।७५ | ३३०९५२।२५ |
| विभिन्न | प्रथम चौमासीक | श्री राम प्रसाद मा.वी.सवैला | २०५०५८५। | १४०८५२६।२५ | ६४२०५८।७५ |
| विभिन्न | प्रथम चौमासीक | जनता मा.वी. | २५९४७६६। | २५५१३६५। | ४३४०१। |
| विभिन्न | प्रथम चौमासीक | फकिर चन्द मा.वी. वरकर्वा | २३३५४६०। | २२७२६०६।२५ | ६२८५३।७५ |
| विभिन्न | प्रथम चौमासीक | श्री सरस्वती मा.वी. | ३०७३३२६। | ३०२६७४५। | ४६५८१। |
| विभिन्न | प्रथम चौमासीक | श्री मदन अश्रित आधारभुत सवैला | ७५८९२०। | ७५१४८६।२५ | ७४३३।७५ |
| जम्माँ | | | | | ११३३२८०।५० |

| | | |
|---|---|---|
| ३८. | **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरि वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । क्षिरेश्वरनाथ नगरपालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाई कार्यक्रम चलाएको छैन । सालबसाली सरसफाईको काममा नगर क्षेत्रको सडक फोहोर संकलन गरि ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य सिनो व्यवस्थापन, भुस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन जस्ता कार्य गरेको छ । अतः वातावरण संरक्षणका लागि ठोस कार्यक्रम संचालन गरी सफा नगरको परिकल्पना लाई सार्थक बनाउनु पर्दछ । | |
| ३९. | **पेश्की दिंदा लागत अनुमान तयार नगरेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठि, कार्यशाला गोष्ठि आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठि आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. ०७४/७५ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको वखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठि सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने जस्ता कार्यहरु गर्दा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई वढीभन्दा वढी लाभन्वित तुल्याउने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ४०. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा मिथिला नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । | |

नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा मिथिला नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । मिथिला नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

४१. **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।

४२. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत नगरपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन :

- उपभोक्ता समितिले कार्यालयले तयार गरेको लागत अनुमान अनुरुप सम्झौता गरेकोमा एक्साभेटर प्रयोग गरी मेशिनबाट कार्य गराउँदा सम्बन्धित एक्साभेटर/डोजर धनिसँग दररेट माग गर्ने र सम्झौता गरी घटीवालासँग नगरी सोझै कार्य गराएको ।
- उपनियम ७ बमोजिम उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र उपभोक्ता भेलाबाट खर्चको सार्वजनिकरण केही मात्रामा गरेपनि व्यवस्थित रुपमा श्रमिक संख्या, मालसामानको विवरण, मूल्य आदि खुलाई तयार नगरेको ।
- नगरसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा नगरसभाले बजेट विनियोजित गरेपश्चात योजना सर्भे र लागत अनुमान तयार गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने देखिन्छ ।
- योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याईं गर्नुपर्नेमा निर्माण कार्य शुरु हुनु पूर्वको फोटोहरु कुनै पनि योजनामा सामेल नभएको र निर्माण सम्पन्न अवस्थाको केही योजनाका फोटोहरु पेश भएपनि अधिकांशमा निर्माणको यथार्थता देखिने फोटो संलग्न गरेको छैन । खर्चको पुष्ट्याईंका लागि उक्त प्रमाण सामेल गरी खर्च गर्नुपर्दछ ।
- उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त अनुदान रकम र जनश्रमदानबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत पुरै खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेमा उपभोक्ता समितिले प्राविधिकबाट जाँचपास गराएपनि खर्चलाई प्रमाणित हुने गरी पूर्णरुपमा जनसहभागिता अंशको वील भरपाई राखेको छैन ।
- उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको तर कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ ।
- लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा मात्र खुलाउने गरेको छ ।

४३. **सामाजिक सुरक्षा तर्फ :**

**सामाजिक सुरक्षा भत्ता :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको

| | | |
|---|---|---|
| | कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत पहिलो दोस्रो र तेस्रो किस्ता समेत कुल रु.७२२९८०००। निकासा भएकोमा खर्च लेखि दोस्रो र तेस्रो किस्ताको रकम पेश्की वाकी रहेको छ । | |
| ४४. | **श्रोत नक्सांकनः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम प्रत्येक गाउ पालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको शैक्षिक भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी जंगल तथा अन्य श्रोत पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाइल तयार गर्नु पर्ने व्यवस्था अनुसार नगरपालिकाको प्रोफाइल तयारी सम्म गरेको छ । अन्य स्रोतगत बिश्लेषण गरी आयका कार्यक्रम तर्जुमा हुन सकेको छैन । | |
| ४५. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चका बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगर सभाबाट अन्य मर्मत सुधार शिर्षकमा रु ३१ लाख अबण्डा राखी अनुमानित बजेट पारीत गरेकोमा कार्यकारी बोर्डले बिभिन्न ७ बटा टुक्रामा बजेट बाडफाड गरी सिधै अमानतबाट बिभिन्न मर्मत कार्य गराएको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम अबण्डा राखी खर्च गर्न नपाइने निर्देशन बिपरित निम्नानुसारका कार्यक्रममा खर्च लेखेको रु . | ३४४७७०२ |

| भौ.न मिति | टुक्रा पारी कार्य गरेका कार्यहरु | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|
| ५, २०७४/५/२५ | गुडिया तालीम | ABC Non Oven | ४८०८२९ |
| ७, २०७४/५/२१ | सिम्राडि गाउ सडक मर्मत | रबैता कष्टक्सन | ४९३०७५ |
| ८ ,२०७४/५/२१ | ठीला बटान बजार सडक मर्मत | दाजुभाई कष्टक्सन | ४९९४९८ |
| १६,२०७४/७/७ | EPBX NETworking | सिटिजन ई टिच | ४९६०७० |
| ३७,२०७४/७/२१ | मिटिङ्ग हल मर्मत | सालज कष्टकसन | ४९६९४८ |
| ४१,२०७४/७/२१ | वार्ड नं ९ सडक मर्मत | सुहानी नि.सेवा | ४८३६७६ |
| ४५,२०७४/७/२१ | वार्ड नं १,२ सडक, कल्भर्ट मर्मत | रानदेबी नि.सेवा ((अन्य शिर्षकबाट थप) | ४९७६०६ |
| जम्मा | | | ३४४७७०२ |

| | | |
|---|---|---|
| ५३ | **भुक्तानी दिन बाँकी विवरण -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६३१ मा स्थानीय निकायको परिषद्‌बाट कार्यक्रम र बजेट स्वीकृत गराई मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.ब.२०७३।७४ को आष निर्माण सेवाको बील भुक्तानी दिन बाँकी रकम रु ४९४३०१।१२। भुक्तानी गरेको देखिन्छ । सम्बन्धित आ.ब.मा भएको खर्च रकमको भुक्तानी भए वा नभएको, कारण सहित गत आ.ब.को भुकतानी बाकी (-म.ले.प. फा नं १८) लगायतका प्रमाणित कागजात बेगर यस आर्थिक वर्षमा परिषद्‌बाट खर्च दिनुपर्ने एकिन नगरी खर्च गरेकोले नियमसम्मत् देखिएन । | ४९४३०१।१२ |
| ५४ | **पुर्वाधार निर्माण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चका बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । मखनाह गाउ बिसुन्देब यादबको घर देखि रुप कार्कीको घर सम्मको नाला निर्माण ,बाटो ग्रभेलगर्ने कार्य को ठे श्री राजिब निर्माण सेवा लाई चौथो रनिङ्ग बील भुकतानी हुदा बील रकम रु १०८५५३६।५० मा निजले संझौतामा कबोल गरेको छुट अफर १३..९० प्रतिशतले हुने रु१५०८९०। घटाई रु ९३४६४६।५० मा मु.अ.कर १३ प्रतिशत ले हुने रकम रु१२१५०४। जोडी बील अनुसार हुने रु १०५६१५०।५५ भुक्तानी दिनु पर्नेमा बील रकममा मु.अ.कर जोडी कायम मुल्यमा अफर घटाई भुक्तानी दिदा फरक परेको कुल बीलको रकम रु १६८३७९।२५ असुल हुनु पर्दछ | १६८३७९।२५ |
| ५५ | **मु.अ.कर बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चका बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वाई नं ३ मा बाटो पी.सी.सी ढलान गर्ने कार्यका गत आ.ब को भुक्तानी बाकी चाले खा.ब मा भुक्तानी गर्दा गत आ.ब को बिनियोजित बजेट रु १ लाख तथा चालु आ.ब को रु १लाख ५० हजार समेत रु २लाख ५० हजारको संझौता भएकोमा उपभोक्ता समितिले कुल रु ४६४७४७।४३ को बील पेश गरेकोमा मु.अ.कर थप रु ६०४१७।१६ समेत रु ५२५१६४।५३ भुक्तानी भएको छ। यसरी थप मु.अ.कर उदयपुर सिमेन्ट कारखानाको मिति २०७४।२।२० को उल्लेखित बीजकमा २०० बोरा सिमेन्ट को मु.अ.कर रु १९०८४। थप भुक्तानी दाबी हुनेमा बील रकममा मु.अ.कर बढी दाबी गरेको देखिएकाले रु ४१३३३।१६ असुल हुनु पर्दछ । | ४१३३३।१६ |
| ५७ | **बजेट शिलिङ्ग नघाई खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चका बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वार्ड नं ७ को वडा कार्यालयको शौचालय निर्माण मर्मत का लागि यस बर्ष रु ३५००००। बजेट बिनियोजन भएकोमा नागमणी कष्टक्सनलाई निर्माण कार्यको रु ४९०२१८। को बील भुक्तानी भएको हुदा बिनियोजीत बजेट भन्दा बढी रु १४०२१८ अनियमित देखिएको रु | १४०२१८ |
| ५८ | **अमानतबाटमर्मत कार्य :** नगर सभाबाट बिबिध मर्मत सुधारको अबण्डा अनुमानित बजेट बाट बिभिन्न वडामा वडा अध्यक्षले मर्मत पेश्की लिइ बिभिन्न १० बटा टुक्रामा सिधै अमानतबाट बिभिन्न मर्मत कार्य गराएको छ ।संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीतिगत परिपत्र अनुसार | |

पदाधिकारीले पेश्की लिने तथा आर्थिक मामिलामा संलग्न हुन नहुने निर्देशन बिपरित शसर्त अनुदानको रकम पेश्कि लिई निम्नानुसारका कार्यक्रममा खर्च लेखेको छ । ११००६७०

| भौ.न मिति | टुक्रा पारी कायास्वयन गरेका कार्यहरु | भुक्तानी लिनेको वडा अध्यक्ष | रकम |
|---|---|---|---|
| १३१, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं १,३,८ | १९६५० |
| १३०, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ५ | ७२७०० |
| १३१, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं २ | १४७९४७ |
| १३५, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | न.पा | १४४२०० |
| १४२, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ७ | १४३१४४ |
| १४३, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ३ | १३५०० |
| १४४, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ८ | १४२९४३ |
| १४६, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ४ | १४८३८१ |
| १४८, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं २ | ४८८०५ |
| | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ११ | ४८६०० |
| | सडक मर्मत खाल्टोमा माटो भरेको | वार्ड नं ५ | २४००० |
| १३३, २०७५/३/२९ | सडक मर्मत खाल्टोमा माटो भरेको | न.पा | १४६८०० |
| जम्मा | | | ११००६७० |

५९ **धरौटी** : आर्थिक बिवरण अनुसार गत बर्षको अ.ल्या जिममेवारी रु३६३०७३५। चालु बर्षको आय रु ८०४५००। समेत जम्मा आय रु ३४३५२३५। मध्ये यस आ.ब मा खर्च रु ९४२५००। भई स्रेस्ता अनुसार बाकी रु २४९२७३५ हुनु पर्नेमा धरौटीको बैक मौज्दात रु२५१७७३५ देखिएकाले बढी रकम रु २५०००। हिसाब मिलान हुनु पर्ने रु २५०००

५९ **बिपद राहत खर्च :** बैसाख २१ र २९ गते को हावा हुरीका कारण नगर क्षेत्रमा व्यापक क्षति पुरयाएकाले राहात बितरण गर्न वडा सचिबहरुले मिति २०७५। आषाढ २५ गते पेश्कि लिएको देखियो । राहात बितरणको कार्य घटना घटेको तत्काल प्रदान गरी पिडितको खोज तथा उद्धार,व्यवस्थापन तथा राहत दिनुपर्नेमा पदाधिकारी तथा वडा सचिबहरुले बैशाखमा आएको हुरी बतासबाट पिडित नगरबासीलाई आषाढमा आएर राहत बितरण गर्ने भनि रु ८२००००। पेश्कि लिनु उपयुक्त देखिएन । यसरी लिएको राहत रकम बितरण हुन नसकेकाले संम्बन्धितबाट सुद सहित असुल हुनु पर्दछ । ८२००००

| .शि.न. | पेश्की लिने नाम | पेश्की रकम |
|---|---|---|
| १ | वडा सचिव कामेश्वर महासेठ | २८०००० |
| २ | वडा सचिव नथुनी ठकुर | १००००० |
| ३ | वडा सचिव श्याम कुमर यादव | १००००० |
| ४ | वडा सचिव सरोज कुमर यादब | १००००० |
| ५ | वडा सचिव भिषण राउत गडेरी | ६०००० |
| ६ | वडा सचिव भरत यादव | ६०००० |
| ७ | वडा सचिव जितनारायण यादव | ६०००० |
| ८ | वडा सचिव सजिव यादव | ६००००.०० |
| | जम्मँा | ८२०००० |

६० **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र पेश्की दिन नहुने उल्लेख छ । निम्नानुसारका उपभोक्ता समितिहरुलाई आर्थिक वर्षको अन्तमा पेश्की दिएको देखियो । आर्थिक वर्षको अन्तमा पेश्की दिने परिपाटीमा नियन्त्रण गरिनुका साथै नियमानुसार गएको पेश्की असुल फछ्र्यौट गर्नुपर्ने रु.. ५३३६३२००

| व.उ.शि.न. | पेश्की लिने नाम | पेश्की रकम |
|---|---|---|
| ३६५०१५३ | वडा सचिव कामेश्वर महासेठ | ७४१४८००.०० |
| | वडा सचिव नथुनी ठकुर | ४२०१२००.०० |
| | वडा सचिव कुमार यादव | ३९३३२००.०० |
| | वडा सचिव विरेन्द्र लाल कर्ण | ८२८०४००.०० |
| | वडा सचिव भरथ यादव | २९३९६००.०० |
| | वडा सचिव जितनारायण यादव | ७२४४८००.०० |
| | वडा सचिव सरोज कुमर याल | ७१०३२००.०० |

| | | | |
|---|---|---|---|
| | वडा सचिव भिषण राउत गडेरी | ५२२४०००.०० | |
| | वडा सचिव श्याम कुमर यादव | ५५२२०००.०० | |
| | वडा अध्क्षय कपीलदेव गडेरी | १०००००.०० | |
| | वडा अध्क्षय पारस साहा | १०००००.०० | |
| | वडा अध्क्षय सन्तोष साह | १०००००.०० | |
| | वडा अध्क्षय विशेश्वर यादव | १०००००.०० | |
| | वडा अध्क्षय रावदेव सहनी | १०००००.०० | |
| | वडा अध्क्षय देवेन्द्र प्रसाद यादव | १०००००.०० | |
| ८०११९८३ | वडा अध्क्षय दुर्गा सय | १०००००.०० | |
| | वडा अध्क्षय सुशिल कुमार राय | १०००००.०० | |
| | कुशेश्वर ठाकुर | १०००००.०० | |
| | वडा अध्क्षय परमेश्वर साह | १०००००.०० | |
| | वडा अध्क्षय प्रदिप महतो | १०००००.०० | |
| | वडा अध्क्षय भगीरथ महतो | १०००००.०० | |
| | वडा सचिव जितनारायण यादव | ६००००.०० | |
| | अमिन दिलिप यादव | २००००.०० | |
| | स.च. रामगुण साह | २५०००.०० | |
| | राम प्रसाद मा.वी.सवैला | १००००.०० | |
| | सुरक्षा वेश रघुनाथपुर | १२५०००.०० | |
| | रा.प्र.वि.मटरी | १००००.०० | |
| | राम जानकी मन्दिर,सवैला | ५००००.०० | |
| | | ५३३६३२०० | |

६१ **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा ***अनुसूची १*** मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

६२ **बेरुजू -** सबैला नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु १ करोड २६ लाख ८५ हजार, अनियमित बेरुजू रु ७३ लाख ७२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२१ लाख ११ हजार र पेश्की बाँकी देखिएको रु ५ करोड ३३ लाख ६३. हजार समेत रु ७. करोड ५५ लाख ३२ हजार बेरुजू कायम भएको छ । प्रतिकृयाबाट बेरुजु फछ्यौट भएको छैन ।

६३ **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ७१६०८००० | ० | ७१६०८००० |

६४ **अद्यावधिक बेरुजू स्थिति :** सबैला नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ७१६०८००० | ० | ७५५३२१५४.६२ | १४७१४०१५४.६२ |

अनुसूची १

# सबैला नगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | धनुषा | सबैला नगरपालिका | ४६ | १८ | ७५५३२ | ० | ० | ० | ४६ | १८ | ७५५३२ | १२६८५ | ७३७२ | २१११ | ० | ० | ९४८४ | ५३३६३ | ० | ५३३६३ |
| | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- २

# सञ्चित कोषको विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- २**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सबैला नगरपालिका | धनुषा | २५०६१ | २३७३६७ | १०२७३४ | ८२१०९ | ४२२२१० | १४१४ | २५५९९१ | ५९५८ | २६३३६३ | १८३९०८ |